# बृन्दावन नगरपालिका

## रौतहट जिल्ला

मधेश, प्रदेश, नेपाल

# बृन्दावन नगरपालिका कर्मचारी तह तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

पारित मितिः २०८१।०८।२०

प्रमाणिकरण मितिः २०८१।०८।२१

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र रोजगार : बृन्दावन नगरपालिकाको सम्बृद्धिको आधार"

Website:- www.brindawanmun.gov.np E-mail Address:- brindawanmun@gmail.com

प्रमाणीकरण
विनोद प्रसाद कुशवाहा
नगर प्रमुख

# बृन्दावन नगरपालिका कर्मचारी तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८१/०८/२० गते

**प्रस्तावना:**

मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा संञ्चालन) ऐन, २०८१" मा रहेको तहवृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी बृन्दावन नगरपालिकाको नगरकार्यपालिकाको कार्यालयले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यो कार्यविधिको नाम "बृन्दावन नगरपालिका कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

(१) "ऐन" भन्नाले मधेश प्रदेश सभाबाट पारित भई प्रदेश राजपत्रमा प्रकाशित भएको स्थानीय सेवा (गठन र सञ्चालन) ऐन, २०८१ सम्झनु पर्छ।

(२) "कार्यालय" भन्नाले बृन्दावन नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(३) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ।

(४) "नगरपालिका" भन्नाले बृन्दावन नगरपालिका सम्झनु पर्दछ।

(५) "कार्यपालिका" भन्नाले बृन्दावन नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्दछ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बृन्दावन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(७) "कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा वहाल रहेको स्थायी कर्मचारी सम्झनु पर्छ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई समेत जनाउँछ।

(८) "तह वृद्धि" भन्नाले ऐनको दफा ४ र दफा २९ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

(९) "तह मिलान" भन्नाले ऐनको दफा ८ को उपदफा (२२) बमोजिम संघिय लोकसेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई नियुक्ति मिति देखी लागु हुने गरी एक पटकका लागि सातौं तहमा गरिने तह मिलानलाई सम्झनु पर्दछ।

(१०) "प्रदेश लोक सेवा आयोग" भन्नाले मधेश प्रदेशको लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

(११) "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ४ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

(१२) "मन्त्रालय" भन्नाले मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सम्झनु पर्दछ।

(१३) "स्थानीय सेवा" भन्नाले ऐनको दफा ३ बमोजिम स्थानीय तहमा रहने स्थानीय सेवा सम्झनु पर्दछ।

(१४) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्दछ।

**३. सूचना प्रकाशन गर्ने:**

(१) यो कार्यविधि बमोजिम बृन्दावन नगरपालिकाको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धिको लागि आवेदन पेश गर्न प्रत्येक वर्षको असार र पुष महिनामा एक महिना अगावै कम्तीमा ३० दिनको म्याद दिई दरखास्त आह्वान गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना कार्यालयको वेवसाईट र सूचना पाटीमा प्रकाशन गरिनेछ।

**४. सिफारिस समिति:**

(१) ऐन दफा ४ को उपदफा (६) र दफा २९ को उपदफा (१) र (२) बमोजिम नगरपालिका कार्यरत स्थायी कर्मचारीको तह वृद्धि गर्न ऐनको दफा २९ को उपदफा (४) र (५) बमोजिमको तह वृद्धि सिफारिस समिति रहनेछ।

(२) तह वृद्धि सिफारिस समितिमा प्रमुख प्रशासकिय अधिकृतको अध्यक्षतामा नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य एक जना वा अधिकृतस्तर सातौँ तहको कर्मचारी र प्रमुख प्रशासकीय अधिकृतले तोकेको कम्तिमा छैठौँ तहको कर्मचारी सहित तीन सदस्य सिफारिस समिति रहनेछ।

(३) समितिको सचिवालयको काम कार्यालयको कर्मचारी प्रशासन शाखाले गर्नेछ।

(४) समितिको वैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**५. समितिको काम, कर्तव्य र अधिकार:** सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।
तह वृद्धि प्रयोजनको लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम पेश हुन आएका निवेदकहरुको कागजागहरुको अध्ययन तथा विश्लेषण गर्ने।

(१) तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धिको लागि नगरकार्यपालिकामा सिफारिस गर्ने।

(२) यस कार्यविधिको दफा १४ बमोजिम तह वृद्धिको लागि सम्बन्धित निकायमा आवश्यक परामर्श माग गर्ने।

**६. सिफारिस:**

(१) दरखास्त दिने अन्तिम मितिको २१ दिन भित्रमा सिफारिस समितिले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन साथ प्राप्त कागजातहरुको जाँच गरी कार्यालयलाई तह वृद्धिको लागि सिफारिस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीको तह वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यता तथा जेष्ठतालाई आधारमानी क्रम निर्धारण गरी सिफारिस गर्नुपर्नेछ।

(३) यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीहरुलाई अनुसूची-२ बमोजिम ढाँचामा तह वृद्धिको पत्र दिइनेछ।

**७. तह वृद्धिको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि:**

(१) यस कार्यविधि बमोजिम हुने तह वृद्धि तथा ऐन बमोजिम हुने बढुवाको लागि ऐनको दफा ४, ८, २८, २९, ३० र ३१ मा तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि पुरा गरेको हुनुपर्नेछ।

**८. तह वृद्धि सम्वन्धी विशेष व्यवस्था:**

(१) ऐनको दफा ८ को उपदफा (२३) बमोजिम साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा पाँचौ तहमा स्थायी नियुक्ति पाई दश बर्ष वा सो भन्दा वढी सेवा अवधि पूरा गरी छैठौँ तहमा स्तरवृद्धि भई कार्यरत रहेका र सातौँ तहका लागि आवश्यक शैक्षिक योग्यता पुगेको कर्मचारीलाई दफा २९ को उपदफा (४) र (५) बमोजिमको समितिको सिफारिसको अधारमा अख्तियारवालाले एक पटकको लागि सातौँ तह कायम गरिदिने छ।

प्रमाणीकरण

बिनोद प्रसाद कुर्मी
नगर प्रमुख

(२) ऐनको दफा ४ को उपदफा (६) बमोजिम समायोजन ऐन, २०७५ बमोजिम साविक स्थानिय निकायको सहायक तेस्रो, चौथो, पाँचौ र अधिकृतस्तर छैठौँ, सातौँ, आठौँ तहको कर्मचारीहरु स्थानीय तहको समान पदमा समायोजन भई यो ऐन जारी हुँदाका बखतसम्म पाँचौ वर्ष वा सो भन्दा वढी सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई एक पटकका लागि समायोजन हुनुभन्दा पहिलेको सम्बन्धित पद देखिनै ज्येष्ठता कायम हुने गरी अख्तियारवालाले एक तह स्तरवृद्धि गरि दिनेछ ।यसरी स्तरवृद्धि हुने पद स्वत: सृजना हुनेछ र कुनै कारणले निज कर्मचारीहरु सेवामा बहाल नरहेमा स्वत: खारेज भई जानेछ ।

(३) ऐनको दफा २८ को उपदफा (१) मा स्थानीय तहमा समायोजन भएका कर्मचारीको यस ऐन बमोजिम तह वृद्धि वा बढुवा प्रयोजनका लागि ज्येष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

(४) ऐनको दफा २९ को उपदफा (१) मा स्थानीय सेवामा कार्यरत कर्मचारीको तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा ३ बर्षको सेवा अवधी पूरा भएका, पछिलो तीन वर्षको कार्य सम्पादन मुल्याङ्गनमा औषत अस्सी प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उप समूहमा तह वृद्धि गरिनेछ ।

यसरी तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन ।तर समायोजनका बखत तोकिएको अवधि नपुगी तह वृद्धि नभएका कर्मचारीलाई एक पटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ ।

(५) ऐनको दफा ४ को उपदफा (६) तथा दफा २९ को उपदफा (१) र (२) बमोजिम तह वृद्धि भएका कर्मचारीलाई ऐनको दफा २९ को उपदफा (४) र (५) बमोजिमको समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि निर्णय कार्यान्वयन गरी अनुसूची-२ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिइनेछ ।

**९. तह वृद्धि वा बढुवा रोक्का हुने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा कार्यविधिको दफा ४ को उपदफा (१) बमोजिमको सिफारिस समितिले ऐनको दफा ३२ मा उल्लेख भएको तपशिल बमोजिमको अवधीसम्म कर्मचारीलाई तह वृद्धिका लागि सिफारिस गरिने छैन ।

(१) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(२) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(३) तलब वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

(४) ऐनको दफा ४३ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले ३ वर्षको अवधिभर,

(५) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदा अवधिभर,

(६) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर,

**१०. तह वृद्धि वा बढुवा नियुक्तिको रोक्का:** ऐनको दफा ३३ को उपदफा (१) र (२) मा भएको व्यवस्था विपरित तह वृद्धि वा बढुवा नियुक्ति गरिने छैन।

**११. तह वृद्धि कार्यान्वयन:**

(१) ऐनको दफा २९ को उपदफा (४) र (५) बमोजिमको समितिको सिफारिसका आधारमा कार्यपालिकाबाट भएको तह वृद्धिको निर्णय प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयन गर्नेछ।

(२) तह वृद्धि व्यवस्थापनमा कुनै द्विविधा उत्पन्न भएमा ऐनको दफा ४० को उपदफा १ को (क) र (ख) बमोजिमको बढुवा समितिको निर्णय अनुसार कार्यान्वयन गर्नुपर्नेछ

**१२. ज्येष्ठता कायम सम्बन्धी व्यवस्था:**

(१) यस कार्यविधि बमोजिम तह वृद्धिको लागि ज्येष्ठता गणना गर्दा स्थानीय सरकारी सेवाको पदमा बहाल रहेको स्थायी कर्मचारीको सम्बन्धित तहको सेवा समूहको पदमा शुरु नियुक्ति मितिबाट लागू हुने गरी गणना गरिनेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ऐन बमोजिम तह वृद्धिका लागि ज्येष्ठता गणना गर्दा ऐनको दफा २८ को उपदफा (१), (२) र (३) बमोजिम गणना गरिनेछ।

**१३. जानकारी दिनुपर्ने:** यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश कितावखाना र प्रदेश लोक सेवा आयोगलाई दिनुपर्नेछ।

**१४. परामर्श:** ऐनको दफा १५७ को उपदफा (२) बमोजिम स्थानीय तहले ऐन प्रारम्भ भए पछि हुने तह वृद्धि तथा बढुवा सम्बन्धी कार्य गर्दा प्रदेश लोक सेवा आयोगको परामर्श अनिवार्य रुपमा लिनुपर्नेछ।

**१५. बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ। सोको लागि मन्त्रालय वा प्रदेश लोक सेवा आयोगको परामर्श लिन सकिनेछ।

**१६. उजुरी/गुनासो:** ऐन र यस कार्यविधि बमोजिम भएको तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा निर्णय सार्वजनिक भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

**१७. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची १

बृन्दावन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विश्रामपुर, रौतहट
मधेश प्रदेश, नेपाल

प्रमाणीकरण
१५।०२।२५
बिनोद प्रसाद पकुर्णी
नगर प्रमुख

(कार्यविधिको दफा ६ को १ सँग सम्बन्धित)

**तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
बृन्दावन नगरकार्यपालिकाको कार्यलय,
बृन्दावन रौतहट

विषय:- तह वृद्धि गरी पाउँ।

प्रस्तुत विषयमा यस बृन्दावन नगरपालिकाको तह वृद्धि सम्बन्धी मिति................................ गते प्रकाशित सूचना अनुसार हाल म तपशिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि/तह मिलान हुन योग्य रहेको हुँदा तपशिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु।

**तपशील**

१. स्थायी नियुक्ति पत्रको प्रतिलिपी।
२. समायोजन पत्रको प्रतिलिपी।
३. बढुवा/स्तरवृद्धि/तहवृद्धि भएको पत्रको प्रतिलिपी।
४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
५. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।

| हाल कार्यरत पद | तह वृद्धि/मिलान गरिने पद |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समूह/उपसमूहः | समूह/उपसमूहः |
| तहः | तहः |
| कार्यालय : | कार्यालय : |

माथि उल्लेख गरिएका सबै व्यहोरा ठिक साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक
नामः
दस्तखत:
कर्मचारी संकेत नं.

१५।०२।२५



CamScanner

बृन्दावन नगरपालिकाको
नगर कार्यपालिकाको कार्यालय
विजयपुर, रौतहट
मधेश प्रदेश, नेपाल

प्रमाणीकरण
२०८१।२।२५
विनोद प्रसाद कुर्मी
नगर प्रमुख

अनुसुचि २
कार्यविधिको दफा ६ को ३ सँग सम्बन्धित
तह वृद्धि/मिलान पत्रको ढाँचा

मिति:-

श्री.......................................................
कर्मचारी संकेत नं.
बृन्दावन नगरपालिका, रौतहट।

विषयः तह वृद्धि गरिएको सम्बन्धमा।

तपाईलाई नगर कार्यपालिकाको कार्यालयको मिति.................................... गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा........... बमोजिम मिति........................... गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपशिल बमोजिम तह वृद्धि/तह मिलान गरिएको छ। तह वृद्धि/तह मिलान हुनुभएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु।

तपशील

| हाल कार्यरत पद | तह वृद्धि/मिलान गरिने पद |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समूह/उपसमूहः | समूह/उपसमूहः |
| तहः | तहः |
| कार्यालय : | कार्यालय : |

**बोधार्थ:-**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।
श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाण्डौ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषको कार्यालय, मधेश प्रदेश, जनकपुर, धनुषा।
श्री राष्ट्रिय किताबखाना (निजामती), पूलचोक, ललितपुर।
श्री प्रदेश लोकसेवा आयोग,जनकपुर, धनुषा।
श्री प्रदेश किताबखाना, जनकपुर, धनुषा।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, रौतहट।
श्री कर्मचारी संचयकोष, जनकपुर, धनुषा।
श्री आर्थिक प्रशासन शाखा, बृन्दावन नगरपालिका नगरकार्यपालिकाको कार्यालय, रौतहट।

२०८१।२।२५



CamScanner